आज मिति २०७७ साल जेष्ठ ४ गते आईतवारका दिन विहानको ठिक ७:३० वजे यस नगरपालिकाको ४९ औं कार्यापालिका वैठक नगरप्रमुख श्री शिवप्रसाद ढकालज्यूको अध्यक्षतामा देहाय वमोजिमको कार्यपालिका सदस्यंज्यूहरुको उपस्थितिमा प्रारम्भ गरियो ।

| हस्ताक्षर | पद | नामथर | कैफियत |
|---|---|---|---|
| | नगरप्रमुख / अध्यक्ष | श्री शिवप्रसाद ढकाल | |
| | उप-प्रमुख | श्री धनमाया तामाङ | |
| | कार्यपालिका सदस्य | श्री विनोदवहादुर वस्नेत | |
| | कार्यपालिका सदस्य | श्री डोरीलाल चौधरी | |
| | कार्यपालिका सदस्य | श्री जीवनप्रसाद ढुंगाना | - |
| | कार्यपालिका सदस्य | श्री शैलेन्द्र श्रेष्ठ | - |
| | कार्यपालिका सदस्य | श्री रामप्रसाद रिजाल | |
| | कार्यपालिका सदस्य | श्री जीवनकुमार राई | |
| | कार्यपालिका सदस्य | श्री चैतन्यप्रसाद सिटौला | |
| | कार्यपालिका सदस्य | श्री खेमप्रसाद न्यौपाने | |
| | कार्यपालिका सदस्य | श्री राजकुमार कार्की | |
| | कार्यपालिका सदस्य | श्री राजेन्द्रबहादुर थापा | |
| | कार्यपालिका सदस्य | श्री विशनलाल चौधरी | |
| | कार्यपालिका सदस्य | श्री रोशनप्रसाद ढकाल | |
| | कार्यपालिका सदस्य | श्री सिता नेपाली | |
| | कार्यपालिका सदस्य | श्री हेमकुमारी विश्वकर्मा | |
| | कार्यपालिका सदस्य | श्री उमादेवी गुरुङ | |
| | कार्यपालिका सदस्य | श्री तारा घिमिरे | |
| | कार्यपालिका सदस्य | श्री उर्मिला शर्मा रिजाल | |
| | कार्यपालिका सदस्य | श्री भक्तकिरण राई | |
| | कार्यपालिका सदस्य | श्री हर्कराज परियार | |
| | कार्यपालिका सदस्य | श्री रामलाल गच्छदार | |
| | सचिव | श्री दामोदर चापागाई | |
| आमन्त्रित | | | |
| | | | |

**प्रस्ताव नं. १ : कर्मचारीको स्थायी नियुक्ति अनुमोदन सम्बन्धमा ।**

**निर्णय** : प्रस्ताव नम्बर १ माथि छलफल गर्दा नयाँ नियुक्तिका लागि लोकसेवा आयोगको सिफारीस भई विभिन्न मितिमा यस नगर कार्यपालिकाको कार्यालयको निर्णयबाट गरीएका तपसिल बमोजिमका सेवा/समूह, पद, तह र श्रेणीका कर्मचारीहरुको नियुक्तिलाई अनुमोदन गर्ने निर्णय गरीयो ।

| सि.नं. | नाम थर | ठेगाना | सेवा/समूह | पद/तह/श्रेणी | लोकसेवा आयोगको सिफारीस | |
|---|---|---|---|---|---|---|
| | | | | | मिति | च.नं. |
| १ | श्री रोष्नी कार्की | बेलवारी - ११, मोरङ | ईन्जिनियर/सिभिल | असिष्टेन्ड सव-ईन्जिनियर/चौथो | २०७६।१२।०९ | ११७३ |
| २ | श्री नारायण तवदार | बनिगामा - ५, मोरङ | ईन्जिनियर/सिभिल | असिष्टेन्ड सव-ईन्जिनियर/चौथो | २०७६।१२।०९ | १२०८ |
| ३ | श्री सुचित मगर | सुरुङ्गा - ३, सप्तरी | ईन्जिनियर/सिभिल | असिष्टेन्ड सव-ईन्जिनियर/चौथो | २०७६।१२।०९ | १०९९ |
| ४ | श्री कुशल निरौला | सुन्दरहरैचा - ८, मोरङ | ईन्जिनियर/सिभिल | असिष्टेन्ड सव-ईन्जिनियर/चौथो | २०७६।१२।०९ | १०८८ |
| ५ | श्री अम्बिका चौलागाई | रुपाकोट मझुवागडी ६, खोटाङ | विविध | स.म.वि.नी. चौथो | २०७७।१।१४ | ५८१ |

**प्रस्ताव नं. २ : खर्च अनुमोदन सम्बन्धमा ।**

**निर्णय** : प्रस्ताव नं. २ माथि छलफल गर्दा नेपाल सरकारले घोषणा गरेको लकडाउन बाट सिर्जना भएको विषम परिपस्थितिलाई व्यवस्थापन गर्न विभिन्न मितिमा बसेको कार्यपालिका बैठकको निर्णय कार्यान्वयन गर्ने क्रममा आन्तरीक श्रोत तथा विपद व्यवस्थापन कोषबाट भएका राहात खाद्यान्न खरीद, औषधि तथा सरसफाई सामाग्रि खरीद, स्थानीय प्रशासनलाई सहजिकरण गर्न व्यवस्थापन गरीएका सवारी साधन तथा इन्धन र मर्मत खर्च, नगर क्षेत्रमा प्रयोगमा ल्याईएको एम्बुलेन्स व्यवस्थापन खर्च साथै नगर क्षेत्रमा उत्पादन भएका तरकारी तथा तरकारीजन्य पदार्थहरु विक्रि वितरणका लागि व्यवस्थापन गरीएको सवारी साधनको खर्च (सम्झौता मिति देखी जेष्ठ ५ गते सम्मका लागि) तपसिल बमोजिम हुने गरी अनुमोदन गर्ने निर्णय गरीयो ।

तपसिलः

| सि.नं. | विवरण | रकम | कैफियत |
|---|---|---|---|
| १. | पूर्वाञ्चल विश्वविद्यालय औषधि खरिद | रु ३,५१,७०१ | |
| २. | राहत सामाग्री (खाद्यान्य खरिद) | रु ७९,८३,१५०।- | |
| ३. | एम्बुलेन्स भाडा | रु १,८०,००,००।- | |
| ४. | शान्ति सुरक्षा सवारी साधन भाडा | रु १,५०,०००।- | |
| ५. | राहात सामाग्री ढुवानी भाडा | रु १,५०,०००।- | |
| ६. | राहात सामाग्री व्यवस्थापन कामदार खर्च | रु ७०,०००।- | |
| ७. | तरकारी ढुवानीका लागि सवारी साधन भाडा | रु ४५,०००।- | |

**प्रस्ताव नं. ३ आयोजना/कार्यक्रम संचालन/भुक्तानी सम्बन्धमा ।**

**निर्णयः** प्रस्ताव नं. ३ माथि छलफल गर्दा आन्तरीक श्रोत बाट संचालित आयोजना तथा कार्यक्रम सहित संघीय तथा प्रदेश सरकारबाट प्राप्त रकमबाट संचालित आयोजना तथा कार्यक्रमहरु सम्झौता हुन बाकी रहेको भए नियमानुसार सम्झौता गर्न तथा सम्झौता भई संचालनमा रहेका आयोजना तथा कार्यक्रमहरुलाई नियमानूसार भुक्तानीको प्रक्रियामा लैजाने निर्णय गरीयो । साथै हाल सम्म सम्झौता हुन नसकेका आयोजना तथा कार्यक्रमहरुको हकमा साविकमा यस नगरपालिकाको संचित कोष अन्तर्गत रहेको खातमा लागत साझेदारीको रकम जम्मा गर्ने गरीएकोमा आजका मिति देखी सम्झौता हुने आयोजना तथा कार्यक्रमहरुको हकमा उपभोक्ता समितिहरुको आफ्नौ खातामा जम्मा गरिएको भौचरको आधारमा आयोजना/कार्यक्रम सम्झौता गर्ने निर्णय गरीयो।

**प्रस्ताव नं. ४ प्रोत्साहन भत्ता सम्बन्धमा ।**

**निर्णयः** प्रस्ताव नं. ४ माथि छलफल गर्दा सम्झौता हुन बाकी रहेका आयोजना तथा कार्यक्रमहरु सम्झौता तथा संचालनका रहेका आयोजना तथा कार्यक्रमहरुको भुक्तानीको प्रक्रिया तथा कार्यालय संचालनका लागि काममा लगाईएका तपसिल बमोजिमका कर्मचारीहरुलाई जेष्ठ १ गते देखि आषाढ मसान्त सम्मका लागि खाईपाई आएको तलव स्केलको तपसिल बमोजिम हुने गरी प्रोत्साहन भत्ता दिने निर्णय गरीयो ।

**तपसिलः**

| सि.नं | नामथर/शाखा/वडा | पद | प्रोत्साहन भत्ता प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १. | १२ वटै वडाका | वडा सचिव | २० प्रतिशत | |
| २. | नगर तथा वडा कार्यालयमा रहेका | कार्यालय सहयोगी | १० प्रतिशत | |
| ३. | प्राविधिक कर्मचारी सबै | ईन्जिनियर, सब-ईन्जिनियर, सब-ओभरसेयर, अमिन-१ जना मात्र, प्राविधिक सहायक | ३० प्रतिशत | |
| ४. | योजना प्रशासन शाखा अन्तर्गत कामकाज गर्ने कर्मचारी - २ जना मात्र | ना.सु. र कार्यालय सहायक चौथो | ३० प्रतिशत | |
| ५. | प्रशासन शाखा अन्तर्गत कामकाज गर्ने कर्मचारी- २ जना मात्र | अधिकृतस्तर छैठौं, कार्यालय सहायक पाचौं | ३० प्रतिशत | |
| ६. | शिक्षा शाखा अर्न्तगत कामकाज गर्ने कर्मचारी- १ जना | अधिकृतस्तर छैठौं | ३० प्रतिशत | |
| ७. | आ.ले.प. शाखामा कामकाज गर्ने कर्मचारी- १ जना | अधिकृतस्तर छैठौं | ३० प्रतिशत | |
| ८. | कृषि शाखा कर्मचारी-३ जना | प्रा.स.(पाचौं), ना.प्र.स. | ३० प्रतिशत | |

**प्रस्ताव नं. ५ भौतिक पूर्वाधार विकास सम्बन्धमा ।**

**निर्णय** : प्रस्ताव नम्बर ५ माथि छलफल गर्दा आर्थिक बर्ष २०७६।०७७ का लागि उप क्षेत्र शिक्षा अन्तन्तर्गत बुदा नम्बर १३ मा विनियोजित विद्यालय व्यवस्थापन कार्यक्रम (भवन निर्माण बाहेक) शिर्षकको रकमलाई भवन निर्माण सहित हुने गरी बजेट शिर्षक संसोधन गर्ने निर्णय गरीयो । साथै यस नगरपालिका अन्तर्गत दुलारीमा रहेको साजिलाल मा.वि.को भौतिक पूर्वाधार विकासका लागि आन्तरीक श्रोत बाट रु १५,३०,०००।- तथा शिक्षा

उपशिर्षकको बुदाँ नं. १३ को विद्यालय व्यवस्थापन कार्यक्रम अन्तर्गत बाट खर्च रकम रु ९,७०,०००।- गरि जम्मा रु २५ लाख विनियोजन गर्ने तथा पौडेल वंश प्रतिष्ठानको पूर्वाधार विकासको लागि रु १० लाख नगरपालिकाको आन्तरिक श्रोतबाट खर्च हुने गरि विनियोजन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नम्बर ६ प्रधानमन्त्रि रोजगार कार्यक्रमबाट प्राप्त रकम विनियोजन गर्ने सम्बन्धमा ।**

**निर्णय** : प्रस्ताव नम्बर ६ माथि छलफल गर्दा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत प्राप्त रकमबाट आवश्यक कार्यक्रम बनाई कार्यक्रम सञ्चालन गर्न प्रतिवडा रु १ लाखका दरले विनियोजन गर्ने निर्णय गरियो । साथै आवश्यकता र मागका आधारमा नगरकार्यपालिकाको कार्यालयले बजेट थपघट गर्ने गरि अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ७ विद्युत तार वितरण सम्बन्धमा ।**

**निर्णय** : प्रस्ताव नम्बर ७ माथि छलफल गर्दा यस नगरपालिकाको कार्यालयबाट टेन्डर प्रक्रिया मार्फत खरीद भई आएको ५२ किलोमिटर विद्युत तार तपसिल बमोजिम हुने गरी वितरण गर्ने निर्णय गरीयो ।

**तपसिलः**

| सि.नं. | वडा नम्बर | वितरण हुने तार (कि.मी.) |
|---|---|---|
| १ | ३, ४, ५, ६, ७ | प्रति वडा ६ किलोमिटरका दरले विद्युत तार र त्यसलाई आवश्यक पर्ने सामाग्री |
| २ | १, २, ८, ९, ११, १२ | प्रति वडा ३ किलोमिटरका दरले विद्युत तार र त्यसलाई आबश्यक पर्ने सामाग्री |
| ३ | १० | ४ किलोमिटर विद्युत तार र त्यसलाई आबश्यक पर्ने सामाग्री |

**प्रस्ताव नं. ८ नगरप्रमुख/उप-प्रमुखको कार्यालय कक्ष व्यवस्थापन तथा सभाहल निर्माण सम्बन्धमा ।**

**निर्णय** : प्रस्ताव नं. ८ माथि छलफल गर्दा नगर प्रमुख तथा उप- प्रमुखको कार्यालय व्यवस्थापनका लागि तथा नगरकार्यपालिकाको कार्यालय रहेको नयाँ भवनको माथिल्लो तल्लामा सभाहल निर्माणका लागि लागत अनुमान अनुसार बजेट विनियोजनका लागि नगरकार्यपालिकाको कार्यालयलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**९. विविध**

**क) आर्थिक सहयोग गर्ने सम्बन्धमा ।**

निर्णयः यस नगरपालिकाको वडा नम्बर ४ मा पाठेघर सँग सम्बन्धित विरामी रहेकी एकल महिला श्री विमला पौडेललाई उपचार खर्चका लागि रु पचीस हजार दिने र निजलाई उपचारका लागि आबश्यक सिफारीस गर्ने निर्णय गरीयो ।

**ख) शोक प्रस्ताव पारित गर्ने सम्बन्धमा ।**

सुन्दरहरैंचा नगरपालिकाका नगर प्रमुख श्री शिवप्रसाद ढकालकी ममतामयी माता श्री ईन्द्रकुमारी ढकालको ७९ वर्षको उमेरमा भएको धामगमनले सुन्दरहरैंचा नगरपालिका परिवारलाई समेत मर्माहत तुल्याएको छ । लैकिक देह त्याग गरी स्वधाम जानुभएकी गतात्माको चीर शान्तिको कामना गर्दै मातृ वियोगमा रहनु भएका सकल परिवारजनमा सोक लाई शक्तिमा बदल्न सक्ने क्षमता भगवानले प्रदान गरुन भन्दै शोक प्रस्ताव पारित गर्दै १ मिनेट मौन धारण गर्ने निर्णय गरियो ।